हरिनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल

प.स.२०८२/२०८३

च.नं. ३३२

मिति-२०८२/०४/३०

विषय :- सुचना टाँस सम्बन्धमा।

श्री वडा कार्यालय सबै,

हरिनगर गाउँपालिका, सुनसरी

प्रस्तुत विषयमा भूमि समस्या समाधान आयोग ताहाचल, काठमाडौको मिति २०८२/०४/३० गतेको प्रकाशित सुचना अनुसार **भुमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतिस) दिने** सुचना र **विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन सम्बन्धि अन्तिम पटकको ३५ (पैंतिस) दिने** तँहा वडा कार्यालयको सुचना पार्टीमा सुचना टाँस गरी दिनुहुन अनुरोध छ ।

उक्त सुचना पाना संख्या १ यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारी गराईन्छ ।

रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ

१.श्री सुचना प्रविधि शाखा - Website मा राख्दिनु हुन ।

Email id.: harinagargapa@gmail.com, ito.harinagaramun@gmail.com,website:www.harinagarmun.gov.np

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-५३१३९३२/५३१३९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।